मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २४ ◆ अङ्क : २९३ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ भदौ २३ गते सोमबार (Monday, September 9. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/– भारतमा भारु. : ४/–

कोरियन भाषा
한국어
का लागि एकमात्र विश्वासिलो र भरपर्दो कन्सल्टेन्सी
FAST TRACK
Education Consultancy (P) Ltd., Birtamode
Shanischare Road, Birtamode-5, Jhapa
फोन: ०२३-५४०३५९ / ९८१६०३८८०४

## बस पल्टिँदा नौ जना घाइते



**झापा, भदौ २२।** झापाको मेचीनगर नगरपालिका वडा नं.७ इँटाभट्टामा आइतवार दिउँसो भएको बस दुर्घटनामा परी ९ जना घाइते भएका छन् । आइतवार दिउँसो सवा १२ बजेको समयमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको को १ ख ६१६६ नम्बरको बस अनियन्त्रित भई सडकमा पल्टिँदा बसमा सवार ९ जना घाइते भएका हुन् ।

घाइतेहरुलाई इलाका प्रहरी कार्यालय काँकरभिट्टाबाट खटिएको प्रहरी टोलीले उद्धार गरी उपचारको लागि ६ जनालाई बिर्तामोडको बिएण्डसी अस्पताल पठाएको छ भने अन्य ३ जनाको आम्दा अस्पताल धुलावारीमा उपचार भइरहेको इलाका प्रहरी कार्यालय काँकरभिट्टाले जनाएको छ ।

# घोषणामै सीमित ‘पालिका’का कार्यक्रम

**बिर्तामोड, भदौ २२ ।** नेपालको संविधान २०७२ ले प्रत्याभूत गरेका अधिकारहरुको प्रयोगलाई व्यवस्थित गर्दै प्राप्त भएको स्थानीय सरकार सञ्चालन ऐन २०७४ र सो अनुसार बनेका विभिन्न नियम र कार्यविधिहरुको परिधिभित्र रही गाउँपालिका तथा नगरपालिकाहरुले गाउँ तथा नगरसभा गर्ने गरेका छन् ।

सभामा आ-आफ्नै ढंगले नीति कार्यक्रम प्रस्तुत गर्ने गरिएको छ । प्रस्तुत गरिएका अधिकांश नीति कार्यक्रम महत्वकांक्षी हुन्छन् अनि सार्वजनिक गरिएका नीति कार्यक्रम कार्यान्वयन गर्न नसक्दा घोषणा मै सीमित हुने गरेका छन् ।

केन्द्रदेखि स्थानीय तहसम्म राजनीतिक दलबीच तालमेल नहुँदा र बिकासमा समेत राजनीति गर्दा संघीय सरकारले मात्र होइन स्थानीय सरकारले समेत सार्वजनिक गरेका नीति कार्यक्रम समयमा पूरा हुन सकेका छैनन् । जसको पछिल्लो उदाहरणका लागि बिर्तामोड नगरपालिकालाई लिन सकिन्छ ।

बिर्तामोड नगरपालिकाले प्रत्येक वर्ष बिर्तामोडमा सार्वजनिक शौचालय निर्माण गर्ने नीति कार्यक्रम तयार गर्दै नगरसभामा प्रस्तुत गर्छ । तर, अहिलेसम्म प्रस्तुत गरिएको सार्बजनिक शौचालय बन्न सकेको छैन ।

स्थानीय तहको निर्वाचनताका सबै उम्मेदवारको पहिलो प्राथमिकतामा रहेको थियो बिर्तामोडमा सार्बजनिक शौचालय निर्माण गर्ने । तर, पराजीत दल र उम्मेदवारको कुरा मात्र होइन विजेता दल र तिनका उम्मेदवारले समेत अहिलेसम्म बिर्तामोडमा सार्बजनिक शौचालय निर्माणका लागि कुनै पहल गरेका छैनन् । जसका कारण बिर्तामोडलाई खुल्ला दिसामुक्त नगर घोषणा गरे पनि सार्वजनिक शौचालय विनाको खुल्ला दिसामुक्त नगर मात्र बनेको छ । बिर्तामोडमा सार्बजनिक शौचालय नहुँदा सर्वसाधारण तथा यात्रुले अहिले पनि सास्ती व्यहोर्दै आएका छन् ।

पूर्वकै व्यापारिक केन्द्रका रुपमा चिनिएको बिर्तामोड पछिल्लो समय शहरीकरण उन्मुख भएको छ । बिर्तामोडमा पूर्वी पहाडी जिल्ला र ग्रामीण भेगका स्थानीयवासीको बसाइँ सर्ने क्रम तीब्र छ । जसका कारण दिन प्रतिदिन बिर्तामोडको जनघनत्व बढ्दै गएको छ । जनघनत्व बढेसँगै फोहोरको उचित व्यवस्थापन गर्न नसक्दा बिर्तामोड दिन प्रतिदिन फोहोरी शहरको रुपमा परिचित हुँदैछ ।

फोहोर मैला व्यवस्थापनका लागि बिर्तामोड नगरपालिकाले प्रत्येक वर्ष बजेट बिनियोजन गर्दै नीति कार्यक्रम सार्वजनिक गर्दै आएको छ । साविक अनारमनी गाविस हुँदादेखि बिर्तामोडमा डम्पिङ साइडको खोजी गरिए पनि बर्षौं बित्दा समेत बिर्तामोड नगरपालिकाले अहिलेसम्म डम्पिङ साइडको व्यवस्थापन गर्न सकेको छैन । डम्पिङ साइड नहुँदा बिर्तामोडमा उत्पादित फोहोर पूर्व-पश्चिम महेन्द्र राजमार्गको गिरी बन्धु टी इस्टेट अगाडि राजमार्गको पेटीमा पुरिँदै छ ।

त्यस्तै घोषणामै सीमित छ बिर्तामोडको कृषिथोक बजारको व्यवस्थापन पनि । कृषि थोक बजारको व्यवस्थापनका लागि नगरले प्रत्येक वर्ष नगरसभाबाट नीति कार्यक्रम प्रस्तुत गर्दै कृषि थोकलाई व्यवस्थित गर्ने, कृषि थोक वजार भित्र व्यवस्थित पशु बधशाला निर्माण गर्ने, सब्जी मण्डीलाई व्यवस्थित गर्ने, द्रुत विषादि अन्वेषण प्रयोगशाललाई स्तरोन्नति गर्दै लगिने र

(बाँकी अन्तिम पृष्ठमा)

## डेङ्गु नियन्त्रणका लागि सेना परिचालन गर्न मिल्छ ?

**झापा, भदौ २२।** पछिल्लो समय देशका ४८ जिल्लामा देखिएको डेङ्गु रोग ‘प्रकोप’का रूपमा फैलिँदै जाँदा रोग नियन्त्रण गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय गम्भीर नभएको भन्दै सांसदहरूले सरकारको ध्यानाकर्षण गराएका छन् ।

प्रतिनिधिसभाको आइतवारको बैठकको शून्य समयमा सांसदहरूले रोग नियन्त्रणमा मन्त्रालयको प्रयासका बारेमा मन्त्रीले सदनमा जानकारी दिन निर्देश गर्न सभामुखसित आग्रह गरे । सांसद कृष्णगोपाल श्रेष्ठले काठमाडौँको नयाँ सडक निवासी ७६ वर्षीया एक वृद्धाको डेङ्गु रोगका कारण आइतवार निधन भएको जानकारी गराएका थिए ।

सांसद डिला सङ्ग्रौलाले देशका ४८ जिल्लामा फैलिएको डेङ्गु नियन्त्रण गर्न स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय असफल रहेको आरोप लगाउँदै डेङ्गु रोगका बारेमा मन्त्रीले दिएका सार्वजनिक भनाइ आपत्तिजनक रहेको बताइन् । उनले प्रश्न गरिन् -डेङ्गु नियन्त्रण गर्ने काम नेपाली सेनाको हो ? रोग नियन्त्रण गर्न सेना परिचालन गर्न मिल्छ ?

मन्त्रालयका अनुसार पछिल्लो समय सो रोग ४८ जिल्लामा फैलिएको छ । डेङ्गुबाट तीन हजारभन्दा बढी सङ्क्रमित हुन पुगेका र चारजनाको मृत्यु भएको तथ्याङ्क रहेको छ । मन्त्रालयले विशेषगरी किटजन्य रोग नियन्त्रण गर्ने पद ‘भेट्रोल कन्ट्रोलर’ खारेज गरेपछि रोग नियन्त्रण गर्न कठिनाई परेको जनाइएको छ ।

## कांग्रेसको जागरण कार्यक्रम तय

**विर्तामोड , भदौ २२।** नेपाली कांग्रेसले यही भदौ २४ गतेबाट प्रारम्भ गर्न लागेको दोस्रो चरणको जागरण अभियान झापाका १० वटै प्रदेश संसदीय क्षेत्रमा सञ्चालन गर्ने भएको छ । अभियानको प्रचारप्रसारका लागि पार्टी सभापति उद्धव थापाको संयोजकत्वमा जिल्लास्तरीय अनुगमन समिति गठन गरिएको छ ।

गठित समितिमा जिल्ला कार्यसमितिका पदाधिकारी तथा सदस्य, संसदीय क्षेत्र र प्रदेश क्षेत्रस्तरका क्षेत्रीय सभापति, गाउँ/नगर/वडा सभापति र नेपाल प्रेस युनियन झापाको कार्यसमिति सदस्य रहनेछन् ।



आइतबार नेपाली कांग्रेस झापाका सभापति उद्धव थापाको सभापतित्वमा सम्पन्न पदाधिकारी, सदस्य, क्षेत्र तथा प्रदेश क्षेत्रस्तरका सभापति, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधिसहितको बैठकले

(बाँकी अन्तिम पृष्ठमा)

## नेकपाको बृहत् प्रशिक्षण

**इलाम, भदौ २२।** पार्टी एकताको सन्देश दिँदै कार्यकर्तामा पार्टी र सङ्गठनको विषयमा जानकारी गराउन नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को इलाममा दुई दिने कार्यकर्ता प्रशिक्षण हुने भएको छ ।

यही भदौ २७ र २८ गते हुने प्रशिक्षण कार्यक्रममा केन्द्रीयस्तरका सात नेताको सहजीकरण रहने नेकपा इलामले जानकारी दिएको छ । कार्यक्रममा नेकपा अध्यक्ष पुष्पकमल दाहाल, वरिष्ठ नेता झलनाथ खनाल, स्थायी कमिटी सदस्य देवेन्द्र पौडेल, स्थायी कमिटी सदस्य बेदुराम भुसाल, केन्द्रीय सदस्य तथा प्रदेश संयोजक देवराज घिमिरे र डा. विजय पौडेलले प्रशिक्षण दिने बताइएको छ ।

पार्टी जिल्ला कार्यालयको भदौ ८ मा बसेको बैठकले कार्यकर्ता प्रशिक्षणको आयोजना गर्ने निर्णय गरेको थियो । प्रशिक्षणमा जिल्ला कमिटीका पदाधिकारी, सदस्यहरू, सल्लाहकार कमिटीका पदाधिकारी, सदस्य, प्रतिनिधिसभा क्षेत्रीय समन्वय

(बाँकी अन्तिम पृष्ठमा)

पायल्स तथा फिस्टुला समस्याको छारसूत्र विधिबाट सफल उपचार !

काठमाडौंबाट आउनु हुने डाक्टरद्वारा **भदौ २४ गते मंगलबार**का दिन पायल्स, फिस्टुला, फिसर, दिशाबाट रगत जाने, पीप देखिने, मलद्वार चिलाउने, मलद्वार बरिपरि घाउ हुने, कब्जियत, मासु पलाएको, त्यस्तै ग्याष्ट्रिक, गानोगोला, अल्सरको उपचार हुने भएकोले विरामी वर्गले अग्रिम नाम दर्ता गराउन सक्नुहुनेछ ।

माता मनकामना आयुर्वेद क्लिनिक
अन्दुवा पुल पूर्व दक्षिण, निलो सिसा भएको घर,
बिर्तामोड, झापा (०२३-५४४५३८, मो. ९८४२७५७६०४)

सञ्जीवनी अस्पतालमा विशेष डाक्टरहरूको सेवा

डा. सीपी यादव
वरिष्ठ मुटु रोग विशेषज्ञ
अब २४ सै घण्टा

डा. दीपक पौडेल
वरिष्ठ नवजात शिशु तथा बाल रोग विशेषज्ञ

दैनिक सेवाहरुः
- बालरोग सेवा
- हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
- स्त्री तथा प्रसुति सेवा
- छाला तथा यौन रोग सेवा
- फिजिसियन (मधुमेह, प्रेसर, पेट, छाती तथा थाइराइड) सेवा
- नाक, कान, घाँटी रोग सेवा
- भिडियो एक्स-रे सेवा

नोटः ओपीडी सेवा, विहान ९ बजेदेखि ५ बजेसम्म । २४ सै घण्टा इमरजेन्सी तथा ICU सेवा

सञ्जीवनी अस्पताल प्रालि
बिर्तामोड-१, झापा (०२३-५४४२६०)

प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट
बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना

त्रिभुवन विश्वविद्यालयबाट सम्बन्धन प्राप्त यस प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट बिर्तामोडमा स्नातक तह व्यवस्थापन संकायतर्फ **चार बर्षे बीबीएस प्रथम (4 yrs BBS First Year)** बर्षमा विद्यार्थी भर्ना खुलेको सम्पूर्ण विद्यार्थी तथा अभिभावकहरुमा जानकारी गराउँदछौं ।

विद्यार्थी भर्ना आवेदन फारम कलेज प्रशासनबाट वितरण भइरहेको छ ।

सम्पर्कः प्रोभिडेन्स कलेज अफ म्यानेजमेन्ट
बिर्तामोड-१, झापा (फोन नं. ०२३-५४०४४३, ५४०१९५)

हार्दिक बधाई
“पहिला कल आउँदा खुसी आउँथ्यो अब स्मार्टफोन पनि आउँछ”
१० स्मार्टफोनका विजेता

जेष्ठ १३ देखि असार १६ सम्मका विजेताहरु:

राज नारायण माझी, सर्लाही
सुगारे नेपाली, लमजुङ
ममता धामी, सुनसरी
रेज ब. पुन मगर, रोल्पा
ल्हाछिमा कर्मा लोपचन, रसुवा
रानी देवी ठाकुर, सप्तरी
थम कुमारी सेढाई, धादिङ
चन्द्र कला विश्वकर्मा, धनकुटा
मुना थापा, पाँचथर
सिमन फगामी, म्याग्दी
तुलसा चैनाली, झापा
पहलमान चौहान, झापा
सरस्वती देवी चौधरी, कैलाली
लिला बल्लभ खतिवडा, झापा
सोम ब. वाइबा, मकवानपुर

रुबी कुमारी शाह, महोत्तरी
रुपा देवी माझी, मोरङ
केदार रौनियार, सुनसरी
कुमारी मीरा चौधरी, कपिलवस्तु
दिप ब. खत्री, मोरङ
सरिता रानाराई माझी, सुनसरी
होमनाथ राजवंशी, झापा
मुक्तिनाथ भट्टराई, संखुवासभा
सज्जन पासमान, महोत्तरी
मतिउल्ला मुसलमान, कपिलवस्तु
अलाउदिन मनसुरी, धनुषा
दिपेन्द्र राई, इलाम
राम प्रसाद चौधरी, दाङ

कमल ब. कार्की, इलाम
शिला कुमारी थारु, मोरङ
सुषमा सुनार, कास्की
मान ब. सार्की, नवलपरासी
उत्तम श्रेष्ठ, तनहुँ
कैलाश थापा मगर, तनहुँ
मुनिया खातुन, मोरङ
सुषमा सङ्कत, प्युठान
सुभाष तामाङ, नुवाकोट
सोनाम शेर्पा, झापा
भक्तराज साजुम, पाँचथर

थप जानकारीका लागि
१७१२६


कल आयो पैसा पायो



Ncell

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ ।



यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पाट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ

निशान्त मोटसाइकल पाट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

Study Korean Language
한국어
कोरियन भाषा
बिहान -७:00 बजे देखि बेलुका -६:00 बजे सम्म
फास्ट ट्र्याक नै किन ?



FAST TRACK
EDUCATION CONSULTANCY (P) LTD. BIRTAMODE
Birtamode Office
Birtamode-5, Shanischare Road
(Opp. to Everest Bank), Jhapa
Phone No. 023-540359
Mob.: 9816038804, 9863976183

## समदर्शीलाई शिक्षा पुरस्कार



**अर्जुनधारा, भदौ २२।** ४०औं राष्ट्रिय शिक्षा दिवस तथा ५३औं अन्तर्राष्ट्रिय साक्षरता दिवसको अवसरमा अर्जुनधारा नगरपालिकाले पत्रकार रमेश समदर्शी राईलाई शिक्षा पत्रकारिता पुरस्कार प्रदान गरेको छ ।

दुई दशकभन्दा बढी समयदेखि पत्रकारिता क्षेत्रमा क्रियाशील पत्रकार समदर्शीलाई आइतवार शनिश्चरे माध्यमिक विद्यालयमा आयोजित कार्यक्रममा नगदसहित सम्मान गरिएको हो ।

न्युज सञ्जाल डटकमका सम्पादक समदर्शीलाई शैक्षिक उन्नयन तथा सामाजिक रुपान्तरणमा पुऱ्याएको योगदानको मूल्यांकन गर्दै शिक्षा पत्रकारिता पुरस्कारबाट पुरस्कृत गरिएको नगरपालिकाले जनाएको छ ।

पुरस्कृत तथा सम्मानित समदर्शीलाई संघीय सांसद पवित्रा निरौला खरेल, नगरपालिकाका प्रमुख हरिकुमार राना, प्रमुख प्रशासकीय अधिकृत पंकज भुर्तेल, शिक्षा शाखा अधिकृत जानुका गुरागाईंले सम्मानपत्र, नगद, मायाको चिनो र दोसल्ला ओढाएर सम्मान गरेका थिए ।

## वक्तृत्वकलामा देबु च्याम्पियन



**मेचीनगर, भदौ २२।** नेपाल जेसीजको क्षेत्र क सम्मेलनमा आयोजित अन्तर जेसीज शाखा वक्तृत्वकला प्रतियोगितामा बाहुण्डाँगी जेसीजका महासचिव देबु बानियाँ प्रथम भएका छन् ।

'नेतृत्वका लागि उदाउँछौं, विकास र परिवर्तनका लागि विकास र नेतृत्व' विषयक प्रतियोगितामा बानियाँले प्रथम स्थान हासिल गरेका हुन् । विजेता बनेसँगै बानियाँ नेपाल जेसीजको पुस महिनामा चितवनको रत्ननगरमा हुने ४६ औं राष्ट्रिय महाधिवेशनका लागि क्षेत्र क बाट छनोट भएका छन् ।

महाधिवशेनमा बानियाँले क्षेत्र क का ३९ वटा शाखाको प्रतिनिधित्व गर्दै अन्य क्षेत्रका प्रतियोगीहरुसँग प्रतिस्पर्धा गर्नेछन् । प्रतियोगितामा सुरुङ्गा जेसीजका रिसब सिंह चहर दोस्रो र जनकपुर जेसीजका विक्रम साह तेस्रो भएका थिए ।

दुई दिनसम्म सञ्चालन भएको सम्मेलनमा क्षेत्र क का ३९ वटा शाखाका ६ सय भन्दा बढी जेसीजहरुको सहभागिता रहेको थियो । सन २०२० को क्षेत्र क सम्मेलन उर्लावारी जेसीजमा हुनेछ ।

## खाद्य संस्थानभित्र शव

**बिर्तामोड, भदौ २२ ।** झापाको बिर्तामोड - १ मा रहेको खाद्य संस्थानको गोदाम परिसरमा झुण्डिएको अवस्थामा एक व्यक्तिको शव फेला परेको छ । पहिचान खुल्न नसकेका पुरुषको शव फेला परेको प्रहरीले जनाएको छ ।

संस्थानको गोदाम पछाडि शव फेला परेको इलाका प्रहरी कार्यालय अनारमनीका प्रहरी नायव उपरीक्षक मोहन थापाले जानकारी दिए । शव फेलापरे पछि बीएण्डसी अस्पतालको कानूनी चिकित्सक डा. अर्चना चौधरीले शबको अवस्था बारे जानकारी लिएकी छन् । इलाका प्रहरी कार्यालयले पहिलो पटक झापामा फोरेन्सिक डाक्टरलाई बोलाई यस प्रकारको घटनामा सहयोग लिएको हो ।

संस्थान परिसर पर्खालले घेरिए पनि उनी कसरी भित्र प्रवेश गरे भन्ने विषयमा शंका उब्जिएको प्रहरीले जनाएको छ ।

स्थानीयबासीले झुण्डिरहेको अवस्थामा शव देखेपछि प्रहरीलाई खवर गरेका थिए । आदिवासी/जनजाति मुलका ती व्यक्तिलाई स्थानीयबासीले नचिनेको बताएका छन् ।

## कांग्रेसको...

प्रचारप्रसारसहित प्रदेश क्षेत्रमा आयोजना हुने कार्यक्रमको अनुगमनका लागि समिति गठन गरेको छ । यसैगरी महासमिति सदस्य र महाधिवेशन प्रतिनिधिहरुलाई आफू निर्वाचित भएको प्रदेश संसदीय क्षेत्रभन्दा फरक क्षेत्रमा खटाइएको छ ।

जस अन्तर्गत क्षेत्र नं १ मा पार्टीका सहसचिव राजेन्द्र भण्डारी, २ मा पार्टी प्रवक्ता लोकराज ढकाल, ३ मा पार्टी सचिव तारावीर कटुवाल, ४ मा पार्टी सचिव प्रेम सम्वाहाम्फे र ५ मा पार्टी उपसभापति राम कट्टेलको संयोजकत्वमा अनुगमन समिति गठन गरिएको छ । अनुगमन समितिमा सम्बन्धित क्षेत्रका जिल्ला सदस्य रहने गरी कार्यक्रमको सहजीकरणका लागि समूह विभाजन गरिएको छ ।

अभियान अन्तर्गत देशभरका ३ सय ३० वटै प्रदेश संसदीय क्षेत्रमा जनतासँग विशेष सामाजिक संवाद, सामाजिक विकृति/विसंगतिविरुद्धको कार्यक्रम, युवा केन्द्रित विशेष संवाद, वडास्तरीय अन्तरसंवाद, शहीद/द्वन्द्वपीडित र अग्रज प्रजातान्त्रिक योद्धाको घर-आँगन कार्यक्रम, पार्टी प्रवेश कार्यक्रम, स्थानीय तहको दुईबर्षे कार्यकालको समीक्षा र मूल्याङ्कन आदि रहेका छन् । अभियानकै क्रममा पर्ने संविधान दिवस आगामी असोज ३ गते रचनात्मक कार्यक्रमका साथ मनाउने र असोज ७ गते दोस्रो चरणको जागरण अभियान समापन कार्यक्रम भ्रष्टाचार, अनियमितता र सरकारको स्वेच्छाचारिताका विरुद्ध जिल्लास्तरीय विरोध ऱ्याली आयोजना गरिने प्रचार विभाग प्रमुख कृष्ण हुमागाईंले जानकारी दिए ।

बैठकले समायोजन भएपश्चात गठित संसदीय निर्वाचन क्षेत्र र प्रदेश निर्वाचन क्षेत्रका सभापतिसहित कार्यसमिति र दमक उद्योग वाणिज्य संघको निर्वाचनमा विजयी लोकतान्त्रिक प्यानलका सम्पूर्ण पदाधिकारी/सदस्य र सबै निर्वाचित सदस्यहरुलाई बधाई ज्ञापन गरेको छ । बैठकले समाजसेवी इन्द्रवहादुर कार्की र केशर खड्काको निधनप्रति शोकप्रस्ताव पारित गरेको छ ।

## घोषणामै...

बिर्तामोडलाई अग्यार्निक नगरका रुपमा विकास गरेर लाने लगायतका योजना तयाार पार्दै आवश्यक वजेट विनियोजन गर्छ तर कार्यान्वयन हुन सकेको छैन ।

यता अग्यार्निक नगर बनाउने भन्दै बेमौसमी मेवाका विरुवा बाँडेर नगरले आर्थिक स्रोतको चरम दुरुपयोग गरेको आरोप लागेको छ । विकासका नाममा बाटो, नाला,कल्भर्ट भन्दा अन्य क्षेत्रमा खासै बजेट खर्च नगरेको सरोकारवालाले गुनासो गर्ने गरेका छन् ।

त्यस्तै किसानले चैते धानको खेती विस्तार गरिरहे पनि त्यसका लागि आवश्यक ड्रायर मेसिन (धान सुकाउने) को अनुदान भने तीन वर्षदेखि लगातार फ्रिज भइरहेको छ । अनुदान रकम फ्रिज हुँदा किसान मारमा छन् । महारानीझोडाका लागि ड्रायर मेसिन खरिद गर्न गत वर्ष संघीय सरकारले उपलब्ध गराएको रकम फ्रिज भएको थियो ।

सरकारले ५० प्रतिशत अनुदानमा ड्रायर मेसिन उपलब्ध गराउने गरी सूचना प्रकाशन गरेको थियो । किसानले ५० प्रतिशत रकम (करिब ३५ लाख रुपैयाँ) उपलब्ध गराउन नसक्दा अनुदान फिर्ता गएको गौरादह नगरपालिका -५ स्थित नमूना एकीकृत सहकारी खेतीका अध्यक्ष बेदनिधि चापागाईले बताए । यदि स्थानीयतहले छरुवा बजेटलाई रोकेर किसानलाई ड्रायर मेसिन खरिदमा अनुदान रकम प्रदान गर्न सके चैते धान सुरक्षित हुने उनको भनाइ छ ।

मृतकका नाममा कृषि अनुदानको रकम लिएर समेत स्थानीय तहमा आर्थिक स्रोतको चरम दुरुपयोग भएको छ । गौरीजञ्ज - २ का कप्तान राजवंशी, कोरोवारीका नुकानू राजवंशी र मनमाया न्यौपानेले अनुदान रकम लिएको भनिएकोमा उनीहरु तीनै जनाको निधन भएको छ । स्थानीय तहका जनप्रतिनिधिकै संलग्नतामा मृतकको नाममा रकम लिएर आर्थिक स्रोत दुरुपयोग हुनुले स्थानीय तहमा बेथितिको चाङ रहेको स्पष्ट हुन्छ । यति मात्र होइन स्थानीय तहमा बजेट खर्च गर्ने क्रममा जनप्रतिनिधिबीच विवाद हुँदा विकास निर्माणका काम प्रभावित हुने गरेका छन् । कतै भने जनप्रतिनिधि र अरू पार्टीका प्रतिनिधिले मिलीजुली काम गर्ने गरेका छन् । जसको पछिल्लो उदाहरणका रुपमा लिन सकिन्छ वाह्रदशी गाउँपालिका र बुद्ध शान्ति गाउँपालिकालाई । जहाँ अहिलेसम्म वजेट नै सार्वजनिक हुन सकेको छैन । जसको मुख्य कारण हो दलहरुबीचमा देखिएको तिक्तता । जसका कारण समयमा बजेट नआउँदा कार्यालयको दैनिक काम समेत प्रभावित हुन थालेको छ ।

## नेकपाको...

कमिटीका सदस्यहरू र प्रदेशसभा क्षेत्रीय समन्वय कमिटीका सदस्यहरू सहभागी हुने जनाइएको छ ।

प्रशिक्षणमा जिल्लास्तरीय विभागका सदस्य, नगर र गाउँ कमिटी पदाधिकारी, कार्यालय सदस्यहरू, वडा कमिटीका पदाधिकारी अध्यक्ष, सचिव र जनसङ्गठनका केन्द्रीय सदस्य जिल्ला पदाधिकारी सहभागी हुनेछन् ।


## सस्तोमा भिटा बिक्रीमा

बिर्तामोड–१ देवी पञ्चकन्या प्लटिङमा १ कठ्ठा भिटा सस्तोमा अर्जेन्ट बिक्रीमा छ ।
**२० फुटे बाटो । ४० फुट मुख । ९२ फुट लम्बाई । वरिपरि प्लम उठाइएको ।**
**लोकेशन : (देवी पञ्चकन्या प्लटिङको आइलेण्ड (गोलाई)बाट थोरै उत्तर पश्चिम । अर्थात् मोहनमाया स्कूल उत्तरको पार्टी प्यालेसबाट थोरै उत्तर पूर्व)**
**उच्च ठाउँ र शान्त वातावरण भएकाले घर आवासका लागि अति उत्तम ।**
**तत्काल पास गर्नेले सम्पर्क गर्नुहोला ।**
**मो. ९८२३७२६९७९**

## होटल बिक्रीमा

**बिर्तामोडको नयाँ बसपार्क एरियामा रहेको होटल (खाजाघर) बिक्रीमा रहेकाले लिन चाहने व्यक्तिले तु–सम्पर्क गर्नुहोला ।**
**मूल्य: धरौटीसहित रु. ५ लाख मात्र ।**
**सम्पर्क: ९८१४९६५८२०/९८१५९८७५३९**

## कर्मचारी तु-आवश्यकता

**झापाको अर्जुनधारा–७मा सञ्चालन हुन लागेको लंका रिसोर्टका लागि निम्न अनुसारका कर्मचारीहरु आवश्यक परेको हुँदा इच्छुक तथा अनुभवी व्यक्तिले यही भदौ २४ गतेसम्ममा तु–सम्पर्क गर्नुहोला ।**



**सेफ:** १ जना **कुक:** २ जना
**कुक हेल्पर:** २ जना **बार टेण्डर:** १ जना
**वेटर:** ३ जना **वेट्रेस:** ३ जना
**म्यानेजर:** १ जना **क्यामेरा पर्सन:** १ जना
तलब: आपसी समझदारीमा । ***सम्पर्क:* ९८५२६७२६०२/९८१६०३४०५२**

**लंका रिसोर्ट, अर्जुनधारा-७, झापा**


## रोङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

**पहरीगाउँ, इलाम**
**१ नं. प्रदेश, नेपाल**

### करारमा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी दोश्रो पटक प्रकाशित सूचना

**(प्रकाशित मितिः २०७६/५/२३)**

यस रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय तथा २, ४ र ६ नं. वडा कार्यालयहरुका लागि आवश्यक कार्यालय सहयोगी पद करार सेवाबाट पूर्ति गर्नका लागि यस अघि प्रथम पटक प्रकाशित सूचना अनुसार पेश हुन आएका दरखास्त बमोजिम अन्तर्वार्ता, परीक्षा सञ्चालन भएकोमा प्राविधिक कारणले उक्त परीक्षा रद्द भएको हुनाले पुनः दोश्रो पटक यो सूचना प्रकाशित गरिएको छ। सूचना प्रकाशित भएकोले मितिले ७ (सात) दिनभित्र तोकिए बमोजिम दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैलाई सूचित गरिन्छ।

(क) विज्ञापन नं. ०१/करार सेवा/०७६/०७७
(ख) पदः कार्यालय सहयोगी
(ग) सेवाः करार सेवा
(घ) आवश्यक पद संख्याः ५ (पाँच)
**(ङ) आवश्यक न्यूनतम् योग्यता :**
☞शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा १० कक्षा उत्तीर्ण गरेको।
☞उमेरः १८ बर्ष पूरा भई ३५ बर्ष ननाघेको, महिला उम्मेदवारको हकमा १८ बर्ष पूरा भई ४० बर्ष ननाघेको।
☞नेपाली नागरिक।
(च) **परीक्षाको किसिम**ः अन्तर्वार्ता।
(छ) **पारिश्रमिक**ः गाउँपालिकाले तोके बमोजिम।
(ज) **दरखास्त दिने अन्तिम मिति**ः २०७६ साल भाद्र २९ गते कार्यालय समय भित्र।
(झ) **दरखास्त दिने स्थान**ः रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, पहरीगाउँ इलाम।
(ञ) **अन्तरर्वार्ता परीक्षा सञ्चालन हुने मितिः २०७६ साल भाद्र ३० गते सोमबार,** विहान ११:०० बजे।
(ट) निवेदन दस्तुरः रु.५००।( (पाँच सय) मात्र।

**पुनश्च :-**
**१) कम्प्यूटर सम्बन्धी ज्ञान भएको र स्थानीयबासीलाई ग्राह्यता दिइनेछ ।**
**२) यस अघि दरखास्त पेश गर्ने उम्मेदवारहरुले पुनः दरखास्त पेश गर्नुपर्ने छैन ।**


## बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

## होटल तालिममा भर्ना खुल्यो

**सिप सिकौं.....आत्मनिर्भर बनौं । तीन महिने होटल तालिममा भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं ।**

कक्षा सञ्चालन भएको जानकारी गराउँदैछौं ।

**तालिम- वारटेन्डर, वेटर, फ्रन्ट अफिस, कुक**
**नोटः यहाँ कुनै पनि कार्यक्रम गर्नको लागि हल तथा क्याटरिङको पनि सुविधा छ ।**



**हाम्रा विशेषताहरु :**
**१) शतप्रतिशत प्राक्टिकल गराइने ।**
**२) दक्ष नहुञ्जेल तालिम दिइरहने ।**
**३) दक्ष सेफद्वारा तालिम दिइने ।**
**४) विदेश जानेहरुका लागि स्पेशन कोर्ष गराइने ।**
**५) तालिम पछि अन्तर्राष्ट्रिय प्रमाणपत्र दिइने ।**
**६) तालिम पछि रोजगारको अवसर दिइने ।**

कक्टेल/मक्टेलमा २०% छुट

सिट सिमित छ। आजै सम्पर्क गर्नुहोला।

**होटल मुन टावर इन**
**शनिश्चरे रोड, बिर्तामोड (झापा) फोनः ०२३- ५४१७१५, ९८०४९०३०९५**

## कर्मचारी आवश्यकता

**लक्ष्मीपुरबाट नहरचोक हुँदै शिवगञ्ज, पाँचगाछी, बोलोचोक, महाभारा, कुञ्जीवारी, बैगुनधुरा, सरङपाडा, पारावारी, मंगलवारे, धौलेचोक हुँदै नहरचोकसम्म पत्रिका वितरण गर्ने कर्मचारीको आवश्यक परेको हुँदा आफ्नो बाइक भएका इच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।**

**सेलरी १५०००।- बोनस : दैनिक २०० देखि ३०० सम्म हुनेछ**

**सम्पर्क : मो. ९८०१४०४०००, ९८१६६४१५७६**






श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित – कार्यालय : बिर्तामोड–१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह–सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी–९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

## सम्पादकीय

# पौडेलको उदाहरणीय कार्य

**ठूल्ठूला घरका बाहिर 'कुकुरदेखि सावधान' लेखिएको बोर्ड झुण्ड्याएको हिजो आज सामान्य जस्तै भएको छ । त्यो लेखाइले यस्तो देखाउँछ कि घरमा मानिस बस्दैनन् । यसलाई पशुअधिकारकर्मीले कसरी अर्थ लगाउँछन् को नि, तर त्यहाँ पनि पशु अधिकारलाई सुरक्षित र संरक्षण गरेको मान्न सकिन्छ । वैदिक सनातन धर्मले मानिसमात्र होइन संसारका सबै प्राणी चाहे घरेलु हुन् वा जंगली तिनको अस्तित्वको रक्षा गर्न सिकाएको छ । आधुनिक वातावरण विज्ञानले पनि सबै जीवजन्तु, चराचुरुंगी र किटपतंगको सन्तुलित अवस्थाले मात्र मानव जाति लगायत पृथ्वीको जीवन सुरक्षित हुने उल्लेख गरेको छ । त्यसकारण धार्मिक, वैज्ञानिक, वातावरणीय तथा सामाजिक अवस्थाका कारण पनि सम्पूर्ण प्राणीहरुसँगको पारस्परिक निर्भरता कायम रहनु पर्दछ ।**

**भनिन्छ– 'ढुंगाको भर माटो, माटोको भर ढुंगा' अर्थात् विश्वका सम्पूर्ण वस्तु अन्तरनिर्भर छन् । यस मानेमा वस्तु अर्थात् प्राणीसहितको उपस्थिति हाम्रा लागि झनै महत्वको छ मात्र होइन अपरिहार्य नै छ । प्रकृति पुजक नेपाली त्यही आदर्शबाट अनुप्राणित छन् गाई, कुकुर, काग जस्ता जीवहरुको पूजा गर्छन् र तिनकै आधारमा आफ्नो जीवन र कर्मलाई सुरक्षित गर्छन् । तर, हिजोआज सामाजिक सञ्जाल तथा सञ्चारमाध्यमहरुमा यस विपरीतका विषय, घटना र समाचारहरु सम्प्रेषित भइरहेका छन् । अर्थात् लुकिछिपी यदाकदा कानूनद्वारा वर्जित जीवहरुको निर्मम हत्या गरिएका समाचारहरु प्रकाशित भइरहेका छन् । पछिल्लो समय नेपालगञ्जबाट दैलेख लाँदै गरेको भनिएका गाईगोरुको सामुहिक हत्या गरेको समाचार आयो ।**

**गौहत्या कानूनद्वारा वर्जित अपराध हो । संविधानले नै राष्ट्रिय जनावरको सूचीमा राखेको गोवंशको क्रुरतापूर्वक गरिएको हत्याले देशमै तरंग ल्यायो । घटनाको छानविन गर्न समिति बनाइए । तिनले के प्रतिवेदन बुझाउने छन् परिणाम सुन्न पर्खनै पर्छ । त्यही समय खुल्ला कुकुरलाई निर्ममतापूर्वक मारिएको सामाजिक सञ्जालमा छरपस्ट भयो । यमराजको वाहन भनिने कुकुर मानव जातिका रक्षक हुन्, निःशुल्क सेवा गर्ने इमान्दार सिपाही हुन् । तर, कहिलेकाहीँ त्यो मृत्युको कारण पनि बन्ने गर्छ । त्यसैले त्यसको जोखिमबाट जोगाउन रेविजविरुद्धको भ्याक्सिन दिएर संख्या नियोजित गर्न बन्ध्याकरण गरेर छाडा कुकुरको उपचार गरिन्छ । तर, यी सबै अवस्था र उपायभन्दा बेग्लै निर्ममतापूर्वक हत्या गरिनु संवेदना र मानवीयता शून्यकै अवस्था हो ।**

**यस्ता घटनाहरुले चर्चा पाइरहेका बेला बिर्तामोड–४ कि एक महिलाले विगत पन्ध्र वर्षदेखि छाडा कुकुरहरुलाई बिहान–बेलुका खाना खुवाइरहेको समाचार प्रकाशित भएको छ । भद्रपुररोड निवासी पुष्पा पौडेलले आफ्नो घर गल्लीमा रहेका दर्जनभन्दा बढी कुकुरलाई नियमित रुपले खाना खुवाइरहेकी छन् । यसले उनको निष्काम कर्मको उदाहरण मात्र दिएको छैन प्रत्येक मानिसमा निःस्वार्थ सेवाको भावना हुनुपर्छ भन्ने सिकाएको पनि छ । सनातनी संस्कृतिले सिकाएको कुरा पनि त्यही हो कि जुन कामले प्राणी मात्रको रक्षा गर्न सक्छ त्यही नै परोपकार हो र धर्म पनि । उनको सेवा घर बाहिर बोर्ड झुण्ड्याएर गरेको भन्दा कैयौं गुना उच्च छ, स्तुत्य र उदाहरणीय छ । पौडेलको यो सेवाले मानवीयता, संवेदना, धर्म र उपकारी भावना जीवित छ भन्ने देखाएको छ । सबैमा यस्तो भावनाको सञ्चार हुन सक्यो भने मानिसको श्रेष्ठता जोगिन सक्छ ।**

### सामाजिक सञ्जाल

समतामूलक समाज बनाउने हो भने सबै बालबालिकाको प्रारम्भिक चरणदेखिको विकास र शिक्षामा लगानी गरौं ! अहिलेको जस्तो दोहोरो शिक्षाप्रणालीको अन्त्य गरौं !

**– बाबुराम भट्टराई**






केही रोगको उपचार विदेशमा भए पनि अपर्झटमा त्यता जान नसकिने हुन्छ र मरिन्छ भनेर बेलैमा आफ्ना देशमा पनि सबल स्वास्थ्य संस्था बनाउनुपर्ने रहेछ भन्ने नचेतेरै त्रिभूवन, महेन्द्र, विरेन्द्र (?), वीपी, मनमोहन, गिरिजा र सुशीलहरू गए । जिउँदाहरूले यत्ति सोचिदिउन् !

**– रामेश**

# वीपीको प्रजातान्त्रिक समाजवाद र नेपाली कांग्रेस



**तीर्थराज खरेल**



सारमा भन्ने हो भने वीपी कोइरालाका सोच र विचार आधुनिक नेपाल निर्माणका लागि मार्गदर्शन हुन सक्छन्, तर अहिलेको नेकाको नेतृत्व र कार्यकर्ता पंक्तिले यो सच्चाइलाई ग्रहण गर्ने र आफूलाई बदल्ने, समाज बदल्ने र समाजवादी नेपाल निर्माण गर्ने वीपीको सपना पूरा गर्ने मार्गमा अग्रसर हुन जरुरी छ ।

**सन्दर्भ : १०६औं वीपी जन्मजयन्ती**

वीपी कोइरालाको जन्म १९७१ साल भदौ २४ गते भएको थियो । उनी नेपालको प्रजातान्त्रिक तथा समाजवादी आन्दोलनका एकजना विशिष्ट धरोहर हुन् । नेपालमा प्रजातान्त्रिक चेतनाको विजारोपण, त्यसको विस्तार र प्रजातान्त्रिक समाजको आधारशीला निर्माणमा उनले ज्यादै महत्वपूर्ण भूमिका खेलेका छन् । साहित्यमा समेत गहिरो दख्खल राख्ने र नेपाली साहित्य भण्डारमा उत्कृष्ट साहित्यिक सिर्जनाहरू प्रदान गर्ने वीपी कोइरालाको व्यक्तित्व, चिन्तन र क्रियाकलापको गहिरो प्रभाव नेपाली समाज र प्रजातान्त्रिक विश्वमा आजपर्यन्त अनुभूत गर्न सकिन्छ । तीन जना राजाहरु त्रिभुवन, महेन्द्र र वीरेन्द्रको शासन भोगेका र राणा शासक र पञ्चायती शासकहरुबाट जतिसुकै उत्पीडन र कठोर यातना पाउँदा पनि कहिल्यै नझुकेका, आफ्नो सिद्धान्तमा सगरमाथा झैं सदैव अडिग र अटल रहने क्रान्तिद्रष्टा, राष्ट्रवादी, राष्ट्रियता र प्रजातन्त्रप्रति सदैव आस्थावान रहेका वीपी कोइरालाले जीवनभर संघर्ष, आन्दोलन र द्वन्द्वबाट गुज्रिएर स्थापित गरेको बाटो वास्तवमा प्रजातान्त्रिक समाजवादको बाटो हो ।

पूँजीवादी राज्य व्यवस्थाका कडा आलोचक वीपी पूँजीवादी व्यवस्थालाई तीव्र उपभोक्तावादी, अनैतिक, अदूरदर्शी, क्रुर र शोषणमा आधारित मान्थे । कांग्रेस सामन्तवाद, पूँजीवाद र साम्यवादको पक्षपाती नभएर प्रजातान्त्रिक समाजवादी हो भन्ने उनको मत थियो । आर्थिक समानतासहितको लोकतान्त्रिक व्यवस्था मुलुकको खाँचो हो भन्नेमा वीपी स्पष्ट थिए । तर, आज कांग्रेस समाजवादी बाटो त्यागेर नाङ्गो रुपमा पूँजीवादको पक्षपोषण गरिरहेछ । प्रजातन्त्र र राष्ट्रियताका लागि लडेका कोइराला राजनीतिमा समाजवादी र व्यवहारवादी थिए । वीपीको बाटोमा कांग्रेस चलिरहेको छ कि छैन भनेर प्रश्न गर्न पनि अफ्ठ्यारो छ । दुःखको कुरा नेपाली कांग्रेसको नेतृत्व खुला, उदार र लचिलो हुनुको सट्टा अरुको आंगको जुम्रा खोज्नमा दिलचस्पी राख्छ । जीवनभर देश र जनताकै लागि संघर्ष गर्दै अटुट रुपमा सत्ताको विपरित धारमा उभिइरहने वीपी निर्भिक नेता थिए । तर, आज कांग्रेसको मानसिकता विपक्षमा रहन अप्ठ्यारो महशुस हुने खालको छ । वीपीले कति लामो समय जेल बसे, तर आज कांग्रेस केही दर्जन महिना सत्ता बाहिर हुँदा छट्पटिरहेको छ । यो विडम्बनापूर्ण छ कि आफ्ना संगठनलाई सुदृढ गर्ने र कार्यकर्तामा ऊर्जा भर्न जनस्तरमा आउन नेकाको नेतृत्व किंकर्तव्यविमुढताको शिकार भएको छ । दुर्भाग्यको कुरा, कांग्रेस नेपाल कम्युनिष्ट पार्टीको सरकारको कमजोरीमा आफ्नो राजनीति हाँक्न खोजिरहेको छ ।

वीपी स्वार्थ र त्रासले अधिनायकवादी शासकहरुको पक्षमा कहिल्यै उभिएनन् । उनले लोकतन्त्रका लागि धेरै पटक आफ्नो जीवनको जोखिम उठाएका थिए । २०१५ सालमा सम्पन्न नेपालको पहिलो आम निर्वाचनबाट प्रधानमन्त्री बनेका वीपीले ग्रामीण अर्थतन्त्रमुखी विकासका कार्यक्रमहरुसहित क्रान्तिकारी बाटोमा अघि बढ्न कोशिस गर्दा र आफ्नो दुई तिहाइ बहुमत भएकाले संसदबाट जनपक्षीय भूमिसुधार कानुन पारित गरेपछि राजा महेन्द्रबाट बहुदलीय लोकतन्त्रको घाँटी निमोठी २०१७ साल पौष १ गते बहुदलीय प्रजातन्त्र खोसी एकदलीय निरंकुशताको वीजारोपण गरी उनलाई जेल हालियो । वीपी राजासँग झुकेनन्, बरु उनले एक महान प्रजातन्त्रवादी नेताको रुपमा एकान्त जेल रोजे र लोकतन्त्रको खरानी माथि उभिएको अधिनायकवादको विपक्षमा उनी सदैव खडा भए । आजका नेकाका नेताहरुमा वीपीको जीवनबाट लिने कुनै आदर्शमय जीवनपद्धतिको मार्गदर्शनबारे हृदयतः विश्वास छ ? स्थानीय, प्रादेशिक र संघीय तहका निर्वाचनमा भएको पराजयको जिम्मा पार्टी नेतृत्वले नलिनुभन्दा आश्चर्यजनकशैली संसारका कुनै लोकतान्त्रिक मुलुकमा पाइन्छ ?

हो, वीपी कोइरालामा साम्यवादीहरुप्रति विश्वास थिएन र उनी कार्ल मार्क्सले प्रतिपादन गरेको वैज्ञानिक समाजवादका पक्षपाती थिएनन् । तर, उनी लोकतन्त्रवादी र राष्ट्रवादी निश्चय नै थिए । इन्दिरा गान्धीले भारतमा बसेर नेपाल सरकारविरुद्ध काम कारवाही गर्न नदिएपछि आफू र आफ्ना साथीहरु पुराणमा वर्णित दैत्य र गहिरो समुद्रको वीचमा परेको महसुस गरी राक्षसको मुखमा परेर मर्नुभन्दा गहिरो सागररुपी आफ्नै मातृभूमिमा अधिनायकवादी शासकहरुको पञ्जामा परेर मर्नु निको सम्झेर २०३३ साल पुष १६ गते राष्ट्रिय एकता र मेलमिलापको नीति लिएर स्वदेश फर्के । स्वदेश फर्कंदा वीपीले देश संकटमा परेको र संकट चर्किंदै गएर राष्ट्रिय अस्तित्व खतरामा परेको बताएका थिए । विदेशी तत्वहरु कुचक्र चलाएर नेपाललाई अन्तर्राष्ट्रिय षडयन्त्रको अखडा बनाउन चाहन्छन् र देशमा स्वार्थ परायणता, साम्प्रदायिकता, व्यक्तिवादी मनोवृत्ति र विदेशपट्टि आमुख हुने प्रवृत्तिको बोलबाला भएको विचार राख्ने वीपीको राष्ट्रियता र प्रजातन्त्र दुबैलाई सँगै लैजानु पर्ने मत यतिका वर्षपछि पनि व्यवहारमा सही भएको हामी देख्न सक्छौं । उनले भने झैं देशमा स्वार्थ परायणता, साम्प्रदायिकता, व्यक्तिवादी मनोवृत्तिको बढोत्तरी भएको छ भने प्रायः सबै राजनीतिक शक्तिहरु कुनै न कुनै रुपमा विदेशी शक्तिबाट प्रभावित छन् । मेलमिलाप नीति लिई नेपाल फर्के पछि पञ्चायती शासकहरुले दर्जनौं मुद्दाहरु लगाएर राजद्रोहको आरोपमा मृत्युदण्ड दिने तयारी गरिँदा पनि वीपी कहिल्यै लत्रेनन् । उनलाई आफ्ना नेता मान्ने नेपाली कांग्रेस प्रजातन्त्रका नाममा आज के गर्दैछ ? राष्ट्रिय एकता र मेलमिलापको नीतिबाट निर्देशित भएको मान्ने कांग्रेस अहिले मुलुकमा कसरी क्रियाशील भइरहेको छ ? नेपाली कांग्रेस संघीय, प्रादेशिक र स्थानीय तहका संसदहरुमा झिनो जनसमर्थनसहित उपस्थित हुन बाध्य भएको छ । यद्यपि केन्द्रको चुनावमा लोकप्रिय मतमा नेकपाको मतभन्दा धेरै नै फरक अवस्थामा रहेको छैन । वास्तवमा वीपी कोइरालालाई बिर्सेकै कारणले वा वीपीका आदर्शलाई नपछ्याएकै कारणले इतिहासमै पहिलो पटक जनताकै मतद्वारा पराजित हुनुपरेको हो । दोषी वीपी कोइरालाले प्रतिपादन गरेको सिद्धान्त र विचार होइन । वीपीका विचार, सोच र आदर्शलाई भुलेर कांग्रेस कमजोर बनेको हो । आज नेपाली कांग्रेसले आफूले हिँडेको बाटो निजीकरण र पूँजीवादी बाटो प्रजातान्त्रिक समाजवादी बाटो हो कि, सामन्ती र नाङ्गो पूँजीवादी हो भन्नेमा प्रष्टता आउन जरुरी छ ।

नेपाली कांग्रेसले वीपी कोइरालाले दिशानिर्देश गरेका समाजवादी, जनपक्षीय र जनहितकारी नीति र कार्यक्रमलाई समयसापेक्ष परिभाषित र पुनर्मूल्यांकन गर्न सक्नुपर्छ । कम्युनिष्ट माथि अधिनायकवादी आरोप थोपरेर प्रजातन्त्रको लागि आफू सँगसँगै संघर्ष गर्ने, पटक-पटकका जनान्दोलनमा सरिक हुने, १७ वर्षभन्दा बढी समय जेल बस्ने, तानाशाही व्यवस्थाबाट सबैभन्दा बढी मारिने सहयात्री कम्युनिष्टहरुलाई अधिनायकवादी, तानाशाही, श्रीपेचधारी भनेर जनतामा असन्तोष सृजना गर्न नेपाली कांग्रेसले मिल्दैन । नेपाल कम्युनिष्ट पार्टी लोकतान्त्रिक पार्टी हो । लोकतन्त्रको स्थापना, विकास र मूल प्रवाहीकरणमा कम्युनिष्टहरुको योगदानको हिस्सा छ, तसर्थ नेपाली कांग्रेसले आफूलाई प्रजातन्त्रवादी भन्ने र कम्युनिष्टहरुलाई अधिनायकवादी भनेर आमसञ्चारका माध्यम, सामाजिक सञ्जाल र आफ्ना प्रशिक्षणहरुमा भन्नुको खासै अर्थ छैन । नेपालका मुख्य कम्युनिष्टहरुको धार लोकतान्त्रिक आन्दोलनकै धार हो । अब नेकाले यो प्रचारलाई त्यागेर अझ समुन्नत लोकतन्त्र कसरी बनाउने, आधुनिक युगसापेक्ष नीति तथा कार्यक्रमका बारेमा चिन्तन/मनन गर्न आवश्यक छ ।

अति-प्रशंसाका माध्यमबाट बीपीलाई पनि अलौकिक व्यक्तित्वका रूपमा महिमामण्डित गरिएको छ र यो काम नेकाले नै गरेको हो । उनका कतिपय अनुयायीहरू उनलाई 'महामानव' को विशेषणले प्रशंसित गर्छन् । यो विशेषणभित्र अन्तरनिहित माया, विश्वास र सद्भावलाई बुझ्न सकिन्छ र एक हदसम्म 'सान्दाइ' भित्र अन्तरनिहित आफ्नोपनलाई स्वीकार्न सकिन्छ । ठीकै छ, मायाले, सद्भावले र प्रेमले महामानव भन्नु जायज छ, तर उनका आदर्शलाई नलिने, मात्रै उनलाई महामानव भनेर प्रशंसा गरेर के हुन्छ ? नेपाली राजनीतिक इतिहासमा वीपीको ठूलो योगदान छ । उनी राष्ट्रिय र अन्तर्राष्ट्रिय राजनीति, अर्थशास्त्र, समाजशास्त्र र साहित्यको व्यापक अध्ययन गरेका अध्ययनशील नेता थिए । वास्तवमा भन्ने हो भने वीपी कोइरालालाई आफ्नो युग र आफ्नो सन्दर्भका सबैभन्दा अग्ला धरोहरका रूपमा हेर्ने, उनको संघर्ष, शिक्षा र आदर्शलाई देश-काल सापेक्ष राखेर विश्लेषण गर्ने र आजको सन्दर्भमा उनलाई अझ बढी प्रासङ्गिक बनाउने दायित्व कमजोर नहोस् भन्ने कुरामा हेक्का राख्नुपर्छ । अन्यथा, उनलाई आफ्नो समयका सारथिका रूपमा बुझ्न सकिँदैन र नेपाली जनतालाई यस सम्बन्धमा बुझाउन पनि सकिँदैन । हुन त वीपीले आफ्नो जीवन असफल नभएको बताएका छन्, तर उनले आफ्नो सोच, दर्शन र नीतिहरु व्यावहारिक रुपमा लागू गर्ने अवसर नै पाएनन् ।

सारमा भन्ने हो भने वीपी कोइरालाका सोच र विचार आधुनिक नेपाल निर्माणका लागि मार्गदर्शन हुन सक्छन्, तर अहिलेको नेकाको नेतृत्व र कार्यकर्ता पंक्तिले यो सच्चाइलाई ग्रहण गर्ने र आफूलाई बदल्ने, समाज बदल्ने र समाजवादी नेपाल निर्माण गर्ने वीपीको सपना पूरा गर्ने मार्गमा अग्रसर हुन जरुरी छ । वीपी कम्युनिष्टप्रति अनुदार थिए । उनी भन्थे- कम्युनिष्टहरु सदैव रोटीलाई प्राथमिकता दिन्छन् । तर, मानिस त रोटीले मात्र बाँच्न सक्दैन । मानिसलाई त रोटीका साथसाथै स्वतन्त्रता पनि चाहन्छ । उनी पूँजीवादी राज्यव्यवस्थाका पनि कडा आलोचक थिए भन्ने तथ्य राख्दा आजका वीपीका अनुयायी र विरोधीहरु पत्याउँदैनन् । पूँजीवादी व्यवस्था तीव्र उपभोक्तावादी हुने भएकाले अनैतिक, अदूरदर्शी, क्रुर र शोषणमा आधारित हुन्छ भन्ने उनको धारणा थियो । उनको भनाइमा नेपाली कांग्रेस सामन्तवाद, पूँजीवाद र साम्यवाद कुनैको पनि पक्षपोषण गर्न सक्दैन, यो त प्रजातान्त्रिक समाजवादबाट निर्देशित हुने राजनीतिक शक्ति हो । समाजवादको भविष्य उज्ज्वल छ भन्नेमा वीपी पूर्णरुपमा विश्वस्त थिए । राष्ट्रप्रति समर्पित रहेर लोकतान्त्रिक व्यवस्थाका पक्षमा चट्टानी दृढतासहित उभिने उनका असल र अनुशरणीय गुणबाट सिक्न सके आजको हाम्रो समाज, मुलुक र हरेक नागरिकको जीवनमा निश्चय नै सकारात्मक परिवर्तन आउने थियो भनी विश्वास गर्न सकिन्छ ।

*tirthakharel2028@gmail.com*

# हरिपरिवर्तिनी एकादशीको महिमा

**बाबुराम भण्डारी**

आज हरिपरिवर्तिनी एकादशी । आजको एकादशीलाई जयन्ती एकादशी र वामन एकादशी पनि भनिन्छ । पापहरुको नाश गर्न यस एकादशीको ब्रतभन्दा ठूलो अरु कुनै उपाय नभएको शास्त्रीय मान्यता रहेको छ । हरिपरिवर्तिनी



एकादशीमा निष्ठापूर्वक व्रत लिनाले वाजपेय यज्ञको फल प्राप्त हुने विश्वास छ । पौराणिक कथन अनुसार भदौ महिनाको शुक्लपक्ष एकादशीको नाम हरिपरिवर्तिनी एकादशी हो । आषाढ शुक्ल हरिशयनी एकादशीमा सुत्नु भएका भगवान बिष्णुले निन्द्रा अवस्थामा कोल्टेफेरेको दिन भएकाले यस एकादशीलाई हरिपरिवर्तिनी एकादशी भनिएको हो । शेषनागको पिठ्यूँमा यसै एकादशीका दिन कोल्टे फेरेका कारण तीनै लोकका स्वामी भगवान विष्णुको आज पूजा गरिन्छ । पूजापछि ताँबो, चाँदी, चामल र दही दान गरिन्छ ।

त्रेतायुगमा विरोचन नामक दैत्यका छोरा बलि विष्णु भगवानको परम भक्त थिए । तर, उनले इन्द्रसित पूर्वाग्रह रहेका कारण इन्द्रलोक तथा सम्पूर्ण देवताहरूलाई पराजीत गरेका थिए । बृहस्पतिसहित इन्द्रादि देवता बिष्णु समिप पुगी वेद मन्त्रद्वारा स्तुति गर्न थालेपछि बलिबाट देवगणलाई मुक्त गराउन बिष्णुले आफ्नो पाँचौं अवतारका रुपमा वामन रूप धारण गर्नुभयो । र, तेजस्वी बलिसँग आफ्नो पाइताला राख्न तीन पाइला भूमिको याचना गर्नुभयो । महाबलीले ती तीन पाइला जमीन आफ्ना लागि अत्यन्तै सानो याचना ठानेर तीन पाइला भूमि दान दिने संकल्प गर्नुभयो । तर, बिष्णुले आफ्नो त्रिविक्रम रूपलाई फैलाएर भूलोकमा पद, भुवर्लोकमा जंघा, स्वर्गलोकमा कम्मर, महस्लोकमा पेट,जनलोकमा हृदय, यमलोकमा कण्ठ, सत्यलोकमा मुख राख्नुभयो भने दोश्रो पद स्वर्गलोकमा राख्नुभयो ।

अब तेस्रो पदकहाँ राखुँ भनेर बलिलाई सोध्दा बलिले बाचा स्वरुप आफ्नो शिर झुकाए र बिष्णुले आफ्नो तेश्रो पद उनको टाउकामा राखेर मर्त्यलोक पाताल पुर्‍याई दिनुभयो । बिष्णुभक्त बलिले पाताललोकमा पनि बिष्णुसँगै रहने याचना गरेपछि भाद्रपद शुक्ल एकादशीका दिन बलिको आश्रममा बिष्णु स्वरुप रहनुभएको पौराणिक कथा अनुसार हरिपरिवर्तिनी एकादशीको मान्यता स्थापित हुन पुगेको हो ।

पुराणमा उल्लेख भए अनुसार मोक्ष प्राप्त हुने सबैभन्दा उत्तम दिन नै हरिपरिवर्तिनी एकादशी हो । कमलनयन भगवान बिष्णुको बामन अवतार रुपलाई कमलको फूलले पूजा गर्नाले बिष्णुकै समीपमा पुग्ने विश्वासका साथ यस एकादशीका दिन व्रत र पूजा गरिन्छ । यसरी पूजा गर्दा ब्रह्मा, बिष्णुसहित तीनै लोकको पूजा गरे सरह हुन्छ । जसले यस एकादशीको वामन रूप बिष्णुको पूजा गर्दछ, ऊ तीनै लोकमा पूज्य हुने धार्मिक विश्वास रहिआएको छ ।



**ह्याप्पील्याण्ड पार्क :** झापाको कनकाई नगरपालिका-३ मा निर्माण गरिएको ह्याप्पील्याण्ड फनपार्क । सुरूङ्गा बजारदेखि एक किलोमिटर उत्तरमा १२ करोड रूपैयाँ लगानी गर्दै कनकाई नगरपालिका-२ निवासी मनोज शिवाकोटी र दिनेश शिवाकोटी पार्क निर्माण गरेका हुन् । पार्क निर्माणसँगै दैनिक यहाँ पाँच सयदेखि एक हजारसम्म आन्तरिक तथा बाह्य पर्यटकहरू आउने गरेका छन् । ***तस्वीरः सुरेन्द्र भण्डारी/पूर्वाञ्चल***

# गाई संरक्षणका लागि मासिक पाँच लाख खर्च



**झापा, भदौ २२।** झापाको शिवसताक्षी नगरपालिका क्षेत्रमा रहेको गोलोक गोवर्द्धन गौशालाले समस्यामा परेको गाई-गोरुको उद्धार तथा पालानपोषण गर्दै आएको छ ।

सहयोग संकलनबाट मासिक झण्डै ५ लाख रुपैयाँ खर्च गरेर अढाई सयभन्दा धेरै गाई गोरुको संरक्षण गर्दै आइएको छ । शिवसताक्षी नगरपालिका वडा नं. ७ मा रहेको गोलोक गोवर्द्धन गौशालाले सयौंको संख्यामा गाई-गोरुको संरक्षण गर्दै आएको छ ।

सहयोगको भरमा गौशालाले पाँच बर्षदेखि छाडा छाडिएका अशक्त, रोगी गाई-गोरुको उपचार तथा रेखदेख गर्दै आइएको गौशालाका पण्डितले सोमनाथ सुवेदीले बताए । गौशालाले गाईको संरक्षण मात्र गरेको छैन । यसको महत्वबारे चेतना बृद्धि, गौउँतबाट बन्ने औषधि तथा मल उत्पादन गरी गाउँघरमा वितरण समेत गरिँदै आइएको छ । धेरै संख्यामा रहेका गाईगोरुको गोवर र पिसावबाट वायो ग्याँस प्लान्ट समेतको तयारी गरेको नगरपालिकाको मेयर चन्द्रकुमार शेर्माले बताए ।

मासिक पाँच लाख खर्च गरेर गाईको संरक्षण गर्ने कार्यले बाँच्न पाउने अधिकारको समेत सम्मान भएको छ । पाँच बर्षअघि दुईवटा गाईको संरक्षण गरेर शुरु गरिएको गौशालामा अहिले अढाई सयभन्दा धेरै गाई गोरुको पालन पोषण र उपचार समेत गर्दै आइएको छ भन्नुहुन्छ रेखदेख व्यवस्थापनमा खटिनुभएका लीलाधर सुवेदी र झापाको शिवसताक्षीमा विगत पाँच बर्षदेखि सयौंको संख्यामा गाइगोरुको रक्षा र उदार गरिँदै आइएको छ ।

जनावरको अधिकारलाई सुनिश्चित गर्न गौशालाले गरेको कार्य एउटा उदाहरणीय कार्य बन्न पुगेको छ ।

# साना किसानको सभा

**चारपाने, भदौ २२।** झापाको बिर्तामोड नगरपालिका वडा नं. २ मा रहेको चारपाने साना किसान कृषि सहकारी संस्थाले आफ्नो छैठौं बार्षिक साधारणसभा सम्पन्न गरेको छ ।

कार्यक्रममा दुई करोड ८० लाख २८ हजार नौ सय ९३ रुपैयाँ ३७ पैसाको कूल कारोबार र आठ लाख ४४ हजार आठ सय ८४ रुपैयाँ १७ पैसा नाफासहितको आर्थिक आयव्यय सार्वजनिक समेत गरेको छ ।

संस्थाकी अध्यक्ष जानुकादेवी सञ्जेलको अध्यक्षतामा भएको कार्यक्रमको उद्घाटन प्रमुख अतिथि एवम् साना किसान लघुवित्त वित्तीय संस्था इलाका बिर्तामोडमा प्रवन्धक सुभाष गौतमले गरेका थिए ।

उक्त सभामा उत्कृष्ठ विभिन्न विधामा पुरस्कार, सम्मान पनि वितरण गरिएको थियो । पुरस्कृत हुनेहरुमा उन्नतजातको बोका पाल्ने नेत्रप्रसाद ढुंगेललाई नगद २० हजार, ज्येष्ठ सदस्यहरु गणेशप्रसाद ढकाल र इन्द्रकुमारी गिरीलाई सम्मान गरिएको थियो । वालबचत कर्ता मिराजोन देवकोटा, पूर्व सञ्चालक केशव बस्नेत त्यसैगरी उत्कृष्ट ऋणि भीमकुमारी गिरी, उत्कृष्ट बचतकर्ता समूह नं. ३१ पनि सम्मानित भएका थिए ।

कार्यक्रममा संस्थाका सल्लाहकार संयोजक भवानीप्रसाद ओली, जिल्ला कृषि सहकारी संघका सचिव राम ओली लगायतले मन्तव्य राखेका थिए । स्वगात संस्थाका उपाध्यक्ष सूर्यप्रसाद रिजालले गरेका थिए भने कार्यक्रमको सञ्चालन सदस्य लक्ष्मण दाहालले गरेका थिए ।

# द्रुत मार्गले आशा जगायो

**इलाम, भदौ २२।** इलामबाट मेची राजमार्ग हुँदै बिर्तामोड पुग्न ८३ किलोमिटर दूरी पार गर्नुपर्ने हुन्छ । तर, यहाँ हाल निर्माण भइरहेको द्रुत मार्ग सम्पन्न भएपछि ४७ किलोमिटरको यात्रामै बिर्तामोड पुग्न सकिन्छ ।

पहाडी जिल्ला इलाम सुगम जिल्लाकै रुपमा परिचित छ । स्वास्थ्य क्षेत्रमा अत्यन्तै पछाडि परेको इलामबासीलाई द्रुत मार्ग निर्माणले ठूलो आशा जगाइदिएको छ । खाद्यान्न र निर्माण सामग्रीको ढुवानी र स्वास्थ्योपचारका लागि अझै पनि इलामले तराईमाथि भर पर्नु परिरहेको छ । द्रुत मार्गको निर्माणले यस्तो स्थितिको अन्त्य गरिदिने छ । महँगोमा ढुवानी गर्न नपरेपछि सामान सस्तिने इलामका उपभोक्ता तथा व्यापारीहरुको भनाइ छ । इलाम बजारका व्यापारी सुमन सुवेदी ढुवानी भाडामा मात्र होइन समय पनि बचत हुने बताउछन् ।

इलाम बजार मात्र होइन, इलाम-मंगलबारे बजार जोड्ने द्रुत मार्ग निर्माण भइरहेको छ । यहाँबाट हिउँदका दिन सहजरुपमा गाडी वारपार भइरहेका छन् । बर्खायाममा साना गाडी गुड्छन् । मंगलबारे बजारबाट बिर्तामोड पुग्न १२० किलोमिटर पार गर्नुपर्छ । तर, द्रुत मार्गबाट ५३ किलोमिटर दूरीमै बिर्तामोड पुग्न सकिन्छ । राज्य पुनःसंरचनापछि स्थानीय तहबाट नै गाउँ-गाउँमा काम हुन थालेपछि सदरमुकाम समेत रहेको इलाम बजार सुनसान बन्दै गएको धेरैको गुनासो अब भने हट्ने भएको छ । इलाम बजार र मंगलबारेबाट तराई पुग्न अब आधा दूरी घट्ने भएको छ ।

इलाम नगरपालिका-९ को भञ्ज्याङ, राकसे हुँदै बेलासे पुग्ने दश किलोमिटर लामो नयाँ ट्र्याक खुलेसँगै इलाम बजारबाट झापा पुग्न आधा दूरी घट्ने भएको हो । हाल इलामबाट बिर्तामोड पुग्न मेची राजमार्गबाट ८३ किलोमिटर दूरी पार गर्नुपर्छ तर, यो द्रुत मार्ग खुलेपछि ४७ किलोमिटरमै बिर्तामोड पुग्न सकिने भएको छ । मेची राजमार्गबाट बिर्तामोड पुग्न तीन घण्टा समय लाग्नेमा अब आधा कम समयमै बिर्तामोड पुगिने भएपछि स्थानीयवासी खुशी छन् । बिरामी हुँदा पनि चाँडो तराई पुग्न सकिने भएपछि यहाँका स्थानीय बासिन्दामा खुशी छाएको छ ।

त्यस्तै, मंगलबारे बजारबाट गाग्रेभञ्ज्याङ जितपुर, सिद्धिथुम्का, सोयाक हुँदै दानाबारीबाट बिर्तामोड पुग्न सकिन्छ । मंगलबारेबाट मेची राजमार्गको नेपालटार निस्किएर इलाम बजार हुँदै बिर्तामोड पुग्न साढे चार घण्टा समय लाग्ने गरेको छ । तर, निर्माणाधीन द्रुत मार्गबाट दुई घण्टामै बिर्तामोड पुग्न सकिने भएपछि मंगलबारबासी पनि हर्षित छन् ।

इलाम बजारबाट झापा जाने सडकको थालनी भने वि.सं. २०७४ मै भएको थियो । तत्कालीन निर्वाचन पूर्वाधार विकास कार्यक्रम मार्फत प्राप्त रु. १४ लाख ५५ हजार र तत्कालीन जिल्ला विकास समितिबाट प्राप्त रु. दुई लाख ५० हजारले नयाँ ट्र्याक खोल्न शुरु गरिएको बताइएको छ । चालू वर्षमा इलाम नगरपालिकाको १५ लाख र १ नं. प्रदेशबाट पाँच लाखको लागतमा उक्त सडक खण्डको ट्र्याक खुलेको हो । सडक निर्माण उपभोक्ता समितिका अध्यक्ष तारादेवी कटुवालले १५ लाखले आठ मिटर चौडा भएको सडक एक हजार सात मिटर कटिङ गरिएको र पाँच लाखले थप सात सय मिटर कटिङ गरिएको जानकारी दिए । उनले घोर्लेभिर भन्ने स्थानसम्म सडक फराकिलो पार्ने काम भए पनि त्यहाँदेखि बेलासेको सोयाक-चिसापानीसम्मको सडक अझै साँघुरो रहेको बताए ।

इलाम भञ्ज्याङबाट नयाँ ट्र्याक खुलेपछि राकसे हुँदै माई नगरपालिकाको दानाबारी र झापाको खुदुनाबारीसम्म यातायात सञ्चालन भएमा भाडासँगै सामग्री ढुवानी र पर्यटन क्षेत्रमा सम्भावनाका थप ढोकाहरु खुल्ने स्थानीयबासीले बताएका छन् । उक्त सडक खुलेसँगै यात्रा छोटिएर श्रम र स्रोत समेत बचत हुनेछ ।

द्रुत मार्गमा पुवाखोला तर्ने पक्की पुल निर्माण र सडक स्तरोन्नति हुन बाँकी रहेकाले हिउँदमा मात्र साना सवारीसाधन चलाउन सकिन्छ । उक्त सडकका लागि हाल रणनीतिक सडक योजना अन्तर्गत एक करोड बजेट छुट्याएको छ । यस रकमबाट सडक डिभिजनले थप काम अगाडि बढाउने इलाम नगरपालिकाका नगर प्रमुख महेश बस्नेतले जानकारी दिए ।

इलामदेखि बिर्तामोड पुग्न सडकका बीचमा विभिन्न खोला तर्नुपर्ने भए पनि केही पुल निर्माण भइसकेका छन् । पुवाखोलामा पुल बन्न बाँकी रहे पनि माई खोलाको बेलासेमा पुल बनिसकेको छ भने लोदिया खोलामा पुल निर्माणको ठेक्का लागिसकेको छ । दानाबारी गरुवा खोलाको पुल निर्माण अन्तिम चरणमा पुगेको छ । त्यस्तै, उक्त सडकमा पर्ने बुढी सुखानी र टाङटीडको पुल बनिसकेको छ ।

मेची राजमार्गबाट झापा जोड्न करिब तीन घण्टाको सडक यात्रा तय गर्नुपर्ने बाध्यता रहेकामा अब भञ्ज्याङ बेलासे दानाबारी सडक स्तरोन्नति भएमा एक घण्टामै झापासम्म सजिलै पुग्न सकिने भएको छ । प्रदेश सरकारले यस सडकलाई पक्की बनाउन काम अगाडि बढाउने बताइएको छ । साँघुरो मेची राजमार्गले हाल इलामसहित ताप्लेजुङ, पाँचथर तेह्रथुम लगायतका जिल्लाहरुमा जाने साना ठूला सवारीको भार थाम्न बाध्य छ । यो सडक निर्माणमा चासो दिए मेची राजमार्गमा पर्दै आएको सवारीको चाप समेत कम हुनेछ । साँघुरो सडक भएकै कारण बढी दुर्घटना र बिरामी हुँदा अस्पताल पुग्न धेरै समय लाग्ने भइरहेको छ ।

यता, मंगलबारे-जितपुर-बिर्तामोड सडकबाट भने दैनिक सवारी सञ्चालन हुन थालेपछि मंगलबारे क्षेत्रका बासिन्दा इलाम बजार नटेकी झापा पुग्न थालेका छन् । यस सडकले ढुवानी खर्च मात्र घटाएको होइन समयको समेत बचत भएको स्थानीयबासी निर्मल आचार्यले बताए । उनले इलाम बजारबाट झापा पुग्नभन्दा दानाबारीबाट झापा झर्दा आधाभन्दा कम दूरी र समय लाग्ने बताउँछन् । मंगलबारेका व्यापारीहरुले पनि यस सडकमार्फत ढुवानी भएका सामानमा एक/दुई रुपैयाँ सस्तोमा सामान बेच्ने गरेको बताउँदै आएका छन् । सडक कच्ची भए पनि उन्नति परियोजनाले ग्राभेल गरिदिएकाले गाडी गुड्छ । यस सडकको स्तरोन्नति गर्न स्थानीयबासीले माग गर्दै आएका छन् ।

यस सडकलाई देउमाई नगरपालिकाले आफ्नो गौरवको आयोजनाका रुपमा लिएर काम अगाडि बढाइरहेको छ । नगरपालिकाले राँके, तपेवा, सावजुङ हुँदै मंगलबारे बजारबाट दानाबारी र बिर्तामोड सडक अन्तर्गतका नगरभित्रको सडकलाई गौरवको आयोजनाका रुपमा काम अघि बढाउँदै आएको नगरपालिका प्रमुख सूर्य प्रसाद पोखेलले बताए । प्रदेश सांसद राम रानाले यस सडकको स्तरोन्नति गर्न संघीय सरकारले काम थालेको बताए । यस सडकलाई पक्की गर्न डिपीआर सर्वे भइसकेको छ ।



# यसकारण फिल्म हेर्नुपर्छ !

फिल्म तीन कारणले चल्छ- मनोरञ्जन, मनोरञ्जन, मनोरञ्जन । एउटा हिन्दी फिल्मको चर्चित भनाईलाई नेपालीमा अनुवाद गर्दा यस्तो हुन्छ । फिल्ममा राखिएको यो संवादका कारण मात्रै होइन, प्रायः मानिसहरु फिल्म हेरेर पाउँनुपर्ने कुरा मनोरञ्जन मात्रै हो भन्ने सोच्छन् । र, यो धेरै हदसम्म सत्य पनि हो तर यसको अर्को पाटो पनि हेरौं । फिल्म हेरेर केवल मनोरञ्जन मात्रै पाइने होइन ।

सामान्यरुपमा हेर्दा पनि फिल्म यस्तो झ्याल हो, जहाँबाट हामी कहिलै नपुगेको अर्कै संसार चियाउन सक्छौं । फिल्मले हामीलाई यस्तो ठाउँमा पुऱ्याउँछ जसलाई हामी केही क्षण भोगिरहेको अनुभव पनि गर्न सक्छौं । फिल्म यति शक्तिशाली साधन हो जसले हामीलाई हाँसो, रोदन, पीडा सबै छोटो समयमा अनुभव गराउन सक्छ । फिल्मको यही शक्ति र विशेषतामा आधारित भएर अहिले मनोचिकित्सकहरुले फिल्म थेरापीको अवधारणा अगाडि बढाइरहेका छन् ।

फिल्म थेरापी यस्तो चिकित्सकीय अवधारणा हो जसमा फिल्ममा हुने संवेदनाहरुको सघनतालाई प्रयोग गर्दै मानिसहरुको मानसिक समस्याको निदान गरिन्छ । यसो भन्दैमा फिल्म थेरापीमा फिल्म देखाइने मात्र होइन । टिभी सिरियल लगायत भनाई तथा उद्दरणहरु, कमेन्ट र स्टाटसहरुलाई पनि अहिले फिल्म थेरापीमा प्रयोग गरिन्छ । फिल्म थेरापी केवल मानसिक रोगीहरुको उपचारमा मात्र सहयोगी हुने होइन । फिल्म हेर्नुले सामान्य तथा स्वस्थ मानिसहरुको स्वास्थ्यमा पनि फाइदा पुऱ्याइरहेको हुन्छ ।

**फरक संसारको यात्रा दिमागको ताजापन**

फिल्म हेरेको अवधिमा तपाई आफ्नो संसारबाट एकछिन छुट्टिनु हुन्छ । जति कथामा डुब्दै जानुहुन्छ, उति नै तपाई आफ्नो नियमित तथा आकस्मिक समस्याहरुबाट पनि केही बेर विश्राम लिन पाउनुहुन्छ । यस्तो अलगपनाले दिमागलाई शान्त र ताजा बनाउँछ । दिमागमा स्फुर्ति थपिदिन्छ । यो समयलाई तपाईले आफ्नो शक्ति सञ्चयको समय हो भन्न सक्नुहुन्छ ।

**आफ्ना नकारात्मक विचारहरुको लेखाजोखा गराउँछ**

वास्तविक जीवनमा नायक कि खलनायक छुट्याउन गाह्रो हुन्छ । कसैका लागि नायक भएका मानिस कसैका लागि खलनायक भएका हुन्छन्, तर फिल्ममा नायक र खलनायक छुट्याउन गाह्रो हुन्न । वास्तविक जीवनमा सकेसम्म कोही पनि खलनायक बन्न चाहदैन । खलनायकको अवस्था आफूसँग मिलेमा मानिस हच्किन्छ । आफ्नो विचार र कर्मको लेखाजोखा गर्छ ।

**यसले तपाईका समस्याहरुमा केन्द्रित हुन सिकाउँछ**

तपाईको कुनै पनि कुरामा ध्यान भंग भइरहन्छ भने फिल्म हेरुञ्जेल हुने ध्यानले आफ्नो त्यो समस्या समाधान गर्न मद्दत गर्छ । त्यस्तै फिल्ममा भएका कुनै पात्रहरुको समस्यामा दर्शकका रुपमा तपाई स्वयम्ले आफ्ना समस्याहरुसँग तुलना गर्नुहुन्छ । सो पात्रले आफ्नो समस्यालाई कसरी ग्रहण र त्यसको निराकरणका लागि के गऱ्यो भन्ने कुराले तपाईलाई आफ्नो समस्याहरुमा केन्द्रित हुन सजिलो बनाउँछ ।

**अवास्तविक घटना तर वास्तविक पाठ**

फिल्म हेर्दा तपाईले कुनै पनि वास्तविक पीडा नभोगी अनुभव लिन पाउनुहुन्छ । त्यो अनुभव दुःख वा सुखको मात्र नभएर सफलता वा असफलताको पनि हुन सक्छ । फिल्मको पात्र र घटना तपाईको लागि पाठ हुन सक्छ । त्यस्तै केही कुरा गुमाउँदा देखाइने प्रतिक्रियाको पनि मानक बनाउँछ । जस्तैः असफलता वा सफलता पछाडि पात्रले गर्ने गतिबिधिले तपाईलाई त्यो सही कि गलत भन्ने छुट्याउने मौका दिन्छ । जुन तपाईले आफ्नो जीवनका लागि पाठ हुन सक्छ ।

**सन्देश र आशा**

पात्रहरुले बोल्ने संवाद तथा सम्पूर्ण फिल्मको कथाले हामीलाई जीवन उपयोगी सन्देश दिइरहेको हुन्छन् । सकारात्मक र मिलनमा गएर सकिने फिल्महरुले तपाईलाई सकारात्मक बनाउँछ । आफू जस्तै भोगिरहेको पात्रले फिल्ममा नै भए पनि सफलता पाए आफ्नो पनि सम्भावना छ भन्ने आशा दिइरहन्छ । तपाईमा निराशा कम हुन्छ र संघर्ष गर्ने शक्ति बढ्छ ।

**फिल्मले मनको बोझ बगाउँछ**

रुनुलाई मनको बोझ बगाउने पनि भनिन्छ । कति कुराहरुमा हामीले आवश्यक प्रतिक्रिया नदेखाउँदा कुण्ठाका रुपमा मनभित्रै रहेका हुन्छन् । फिल्ममा हुने भावुक दृष्यहरुमा आँशु बगाउँदा तपाईलाई आफ्नो मनको बोझ हटाउन सहयोग गर्छ । फिल्म हेर्दा रुने मानिसहरु रोइ सकिएपछि शान्त, ताजा र सृजनशील भएको अनुभव गर्छन् ।

**डरसँग परिचय गराउँछ**

फिल्मले तपाईको आफ्नो मनभित्रको डरसँग परिचय गराउँछ । तपाईले जब आफूभित्र कुनै वस्तु, पात्र, स्थान वा घटनाबारे डर भएको स्पष्ट अनुभव गर्नुहुन्छ तब त्यो डर निदानका बारेमा काम गर्न पाउनुहुन्छ । त्यस्तै पटक-पटक आफूलाई डर लाग्ने बिषयसँग फिल्मकै माध्यमबाट भए पनि सम्पर्क भइरहदा त्यो सामान्य हुन थाल्छ ।

**फिल्मले सिर्जनशील थप्छ**

फिल्म खाली पात्रहरुको घटनाक्रम मात्रै होइन । हरेक दृष्य तथा प्रयोग भएका साधनहरुले नयाँ संसार देखाइरहेको हुन्छ । साइन्स फिक्सन फिल्महरुले संसारमा विज्ञान कति चमत्कारिक भइसक्यो वा कति चमत्कारिक हुन सक्छ भन्ने छनक दिन्छन् । त्यस्तै धेरै बिषयवस्तुहरु हुन्छन् । जसले हामीलाई त्यसबारेमा जानकारी दिन्छ । यस्ता कुराले हामीले देख्ने, सोच्ने र कल्पना गर्ने परिधि फैलाउँछ । हामीलाई सोच्न र सिर्जनशील हुन नयाँ बाटो थपिदिन्छ ।

**व्यक्तिगत सम्बन्ध राम्रो बनाउँछ**

पारिवारिक वा साथीभाइसँग फिल्म हेर्न जानु सम्बन्धका लागि मात्रै होइन, दिमागी ताजापनका लागि पनि गजब राम्रो साधन हो । यसले सम्बन्धमा मजबुती थप्छ । त्यस्तै फिल्म हेरिसकेपछि राम्रो छ भने आफ्ना साथी तथा आफन्तहरुलाई सिफारिस गरिन्छ । त्यस्तै फिल्म हेरेर पछि सो फिल्मका बारेमा कुरा गर्नाले सामाजिक सम्बन्ध बढाउँछ भने सम्बन्धहरुमा पनि आत्मियता थप्छ ।

**सोच्ने क्षमता बढाउँछ**

फिल्म हेर्दा हरेकको मनमा फिल्मको कथा, संवाद वा दृष्यका बारेमा केही न केही कुराहरु आइरहन्छन् । कुन दृष्य कस्तो हुनु पर्थ्यो वा कुन संवाद कस्तो भए झन् मिठो हुन्थ्यो भन्ने कुरा सोच्न सकिन्छ । फिल्मका बारेमा सोचिने यस्ता कुराहरुले तथा टिप्पणीले तपाईको तर्क गर्ने तथा सोच्ने क्षमता वृद्धि गर्छ ।

**फिल्म हेर्न याद गर्नुपर्ने कुराहरु**

हरेक फिल्म हरेक मानिसका लागि उपयुक्त हुन्छ भन्ने हुँदैन । तपाईलाई कुन बिषयमा इच्छा छ भन्ने कुराले फरक पार्छ । आफ्नो रोजाइको बिषयमा भएका फिल्महरु हेर्दा माथि उल्लेख गरिएका फाइदाहरु पाउन सकिन्छ । यसका अतिरिक्त आफूले हेरिरहनेभन्दा फरक किसिमका फिल्महरु समय-समयमा हेर्ने गरे नयाँ स्वाद पाउन सकिन्छ । *उज्यालो पाटो*

# बुहारी समूहको आर्थिक सहयोग

**झापा, भदौ २२।** सामाजिक संजाल फेसबुक ग्रुप बुहारी समुहले सिभर एप्लास्टिक एनिमिया रोगले ग्रसीत एक बिरामीलाई रु. २५ हजार पाँच सय आर्थिक सहयोग गरेको छ ।

इनरुवा- ५ सुनसरीका बिरामी सरोज कुमार दुलालको परीवारलाई ग्रुपका सदस्यहरुले बिराटनगरस्थित नोबेल अस्पतालमै पुगेर सो रकम हस्तान्तरण गरेको ग्रुपकी सदस्य तुलसा गौतमले जानकारी दिए ।

दुलालको बोन म्यारो फेल भएको र उपचारका लागि भारत लैजानु पर्ने भएपछी आर्थिक अभाव भएको थाह पाएर ग्रुपले आर्थिक सहयोग गरेको गौतमले बताए । १० हजारभन्दा बढी सदस्य रहेको यो समाजिक सञ्जाल फेसबुकमा आबद्ध ग्रुपले थुप्रै सामाजिक कार्य गर्दै आएको छ ।

बोन म्यारो फेल भएर लाग्ने रोग सिभर एप्लास्टिक एनिमिया रोगले ग्रसीत सुनसरीका दुलाललाई सहयोग गर्न चाहानेहरुले उनको राष्ट्रिय वाणिज्य बैंक सुनसरीमा रहेको खाता नम्बर २२२००५३४७५१० मा सहयोग रकम जम्मा गर्न सकिन्छ ।


UAE को अवुधावीमा PSBD Security गार्डमा महिला तथा पुरुषको आवश्यकता

कम्पनी : SECURI GUARD MIDDLE EAST, UAE शहर : ABU DHABI

पूर्व स्वीकृति मिति : २०७६/०३/१३ चलानी नं. ६०१४१२८० L.T. NO. 221678

| कामदारको पद | माग संख्या पुरुष | मासिक तलब AED | मासिक तलब नेरु. | ओ.टी./ बार्षिक विदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 200 | 2000 | ६0,000 | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

पूर्व स्वीकृति मिति : २०७४/०६/२२ चलानी नं. ६०११८३६८ L.T. NO. 196877
पुन : पूर्व स्वीकृति मिति : २०७६/०३/०९ चलानी नं. ३०६०

| कामदारको पद | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब नेरु. | ओ.टी./ बार्षिक विदा | कार्य समय | खान/बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|
| Security Guard | 175 | 2000 | ६0,000 | क.नि. अनुसार | ८ घण्टा ६ दिन | छ | २ बर्ष |

नोट : उचाई : महिलाको हकमा ५ फिट भन्दा माथि र पुरुषको हकमा ५ फिट ७ इन्च भन्दा माथि हुनुपर्नेछ ।
कम्तीमा एसएलसी पास गरेको र राम्रोसँग अंग्रेजी लेख्न, बोल्न र पढ्न सक्ने हुनुपर्नेछ ।
अर्न्तवार्तामा आउँदा सक्कल राहदानी, योग्यता तथा अनुभवका प्रमाणपत्र लिएर आउँनु पर्नेछ ।

बेशिक सेलरी २000 दिराम भएता पनि ओटी र एलाउस गरी २७७0 हुनेछ

APPROBLE READY भएकाले २० दिन भित्रमा भिषा प्राप्त हुनेछ ।

फाइनल अर्न्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट भदौ ३0 गते (16 Sept. 2019) मा होलिडे होम बिर्तामोड, झापामा हुनेछ ।

Lic No. 689/063/064

सन लाइट ह्युमन रिसोर्स प्रा.लि.

सामाखुसी-२९, सामाखुसी टाउन, प्लानिङचोक, काठमाडौं फोन ०१-४३८४८८

मोवाइल नं. 9801408283, 9801033974, 9802070510, 9801033977, 9801033975, 9801023813